**त्रिवेणी गाउँपालिका, सल्यान**
**गाउँसभा**
**एघारौं अधिवेशन**
**आ.व.२०७९।८० को बजेट वक्तव्य**

प्राकृतिक सम्पदाले भरिपूर्ण, भाषागत एकरुपता, सामाजिक एकता र सदभाव जिल्लाको सुगम मध्येको एक, भौगोलिक विविधतायुक्त त्रिवेणी गाउँपालिकाको उपाध्यक्ष तथा बजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजकको हैसियतले आर्थिक वर्ष २०७९।८० को आय व्ययको विवरण (बजेट) गरिमामय त्रिवेणी गाउँपालिकाको गाउँसभाको ११ औं अधिवेशनमा प्रस्तुत गरिरहदा गौरवान्वित भएको महसुस गरेको छु ।

संघीय लोकतान्त्रिक गणतन्त्र, नेपालको निर्माणमा नागरिक अधिकार प्राप्तीको लागि भएका आन्दोलन र पटक–पटकको संघर्षमा आफ्नै जीवन उत्सर्ग गर्ने महान् शहीदहरुप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै नेपालको विभिन्न क्षेत्रमा परिवर्तनको लागि नेतृत्वदायी भूमिका खेल्ने आम नागरिकहरु प्रति उच्च सम्मान व्यक्त गर्दछु ।

"समृद्ध नेपाल, सुखी नेपाली" निर्माणको राष्ट्रिय आकांक्षालाई आत्मसाथ गर्दै प्रदेश सरकारको "समृद्ध कर्णाली, सुखारी कर्णालीवासी" बनाउने भन्ने दीर्घकालीन सोँच तथा त्रिवेणी गाउँपालिकाको **"स्वस्थ र समृद्ध त्रिवेणी"** भन्ने सोँचलाई पूरा गर्न निरन्तर विकासको यात्रामा अगाडि बढ्ने संकल्प गर्दछु ।

**"स्वस्थ र समृद्ध त्रिवेणी गाउँपालिका, विकासमा हाम्रो प्रतिवद्धता"** भन्ने मान्यतालाई आत्मसाथ गर्दै समृद्ध गाउँपालिका निर्माण गर्न न्यूनतम साधन श्रोतको अधिकतम र समुचित प्रयोग गर्न निम्न उद्देश्य परिपूर्ति गर्ने गरी बजेटको निर्माण गरेको छ ।

उद्देश्य : उपलब्ध सिमित श्रोत र साधनको मितव्ययी र प्रभावकारी ढंगले स्तरीय भौतिक पूर्वाधारका साथ साथै उत्पादनमूलक र अधिक प्रतिफल दिने क्षेत्रमा खर्च गरी समुन्नत र सम्वृद्ध त्रिवेणी गाउँपालिका बनाउने । यसका लागि देहायका थप उद्देश्यहरु समेत अंगिकार गरिएको छ :

- शिक्षालाई सर्वसुलभ र गुणस्तरीय बनाउने
- कृषि, पशु र पर्यटनलाई प्रवर्द्धन, सम्वर्द्धन, विविधिकरण र व्यवसायीकरण गर्ने,
- स्वास्थ्य सेवालाई गुणस्तरीय र सर्वसुलभ बनाउने,
- पर्यटन क्षेत्रको पहिचान र विकास गरी जनताको आयस्तर वृद्धि गर्ने,
- वातावरणमैत्री तथा स्तरीय पूर्वाधार विकास गरी दीगो विकासको नीति अवलम्वन गर्ने,
- विभिन्न सामाजिक अभियानहरुको लक्ष्य अनुसारका कियाकलाप सञ्चालन गरी सचेत र सभ्य समाजको विकास गर्ने,
- सेवा प्रवाहलाई जनमुखी, प्रभावकारी र सर्वसुलभ बनाई सुशासन कायम गर्ने,
- समतामूलक विकास गरी विकासमा सबैको सहभागिता सुनिश्चित गर्ने,
- आर्थिक सवलीकरण र सशक्तिकरण मार्फत् सामाजिक न्याय सहितको आर्थिक सम्वृद्धि हासिल गर्ने ।

माथि उल्लेखित बजेट निर्माणका उद्देश्यहरु पूरा गर्न **विकासका प्राथमिकताका क्षेत्र तथा योजना निर्माणका मापदण्डहरु देहाय अनुसार निर्धारण गरिएको छ :**

(१) प्राथमिकताहरु :

(क) कृषि तथा पशु विकास
(ख) शिक्षा विकास
(ग) स्वास्थ्य सेवा विकास र विस्तार
(घ) स्थानीय पूर्वाधार विकास (सडक, विद्युत, भवन निर्माण, खानेपानी सरसफाई)
(ङ) वन वातावरण संरक्षण तथा विपद व्यवस्थापन
(च) संस्थागत विकास तथा सुशासन प्रवर्द्धन
(छ) उद्यमशीलता विकास, आयआर्जन वृद्धि, रोजगार प्रवर्द्धन तथा गरिबी निवारण

(२) **योजना निर्माणको मापदण्डहरु :**

१ सबै विषय क्षेत्रलाई समेट्ने गरी सन्तुलित रुपमा योजना तर्जुमा गर्ने,

२ कृषि, पशु तथा उद्यम विकासको क्षेत्रमा कार्यक्रम तर्जुमा गर्दा व्यवसायिकतालाई प्रत्यक्ष सहयोग पुग्ने योजना कार्यक्रममा मात्र बजेट विनियोजन गर्ने,

३ वातावरण संरक्षण कार्यक्रममा हरियाली प्रवर्द्धन हुने, पानी मुहान संरक्षण तथा प्रवर्द्धन हुने (वृक्षारोपन तथा रिचार्ज पोखरी निर्माण) जस्ता कार्यक्रमहरु तर्जुमा गर्ने,

४ विद्यालय क्षेत्रतर्फ वडा तहबाट तलव भत्ता जस्ता चालु खर्चमा बजेट विनियोजन नगर्ने र अत्यावश्यक ठोस योजनाको आधारमा मात्र बजेट विनियोजन गर्न सकिने,

५ स्वास्थ्य क्षेत्रमा कार्यक्रम बनाउदा (पारिश्रमिक) बाहेक ठोस र उपलब्धीमूलक योजना कार्यक्रममा मात्र बजेट विनियोजन गर्ने,

६ सडक निर्माणमा मुख्य बस्तीहरुमा बाहेक अन्य स-साना टोलहरुमा तथा छरिएर रहेको बस्तीहरुमा स-साना अनावश्यक ट्र्याक खोल्ने योजना नराख्ने,

७ गत विगत वर्षका अधुरा योजनालाई क्रमागतमा बजेट विनियोजन गर्न नछुटाउने व्यवस्था गर्ने,

८ मर्मत संभार जस्ता कार्यक्रममा मेसिनरी औजार प्रयोग सकेसम्म नगर्ने व्यवस्था गर्ने,

९ मुहान संरक्षण तथा मर्मत संभार बाहेक साना साना योजना नबनाउने ।

१० माथिका प्राथमिकताका क्षेत्र अन्तर्गत रहेर निम्न प्रकारका आयोजना तथा कार्यक्रम सञ्चालन गर्ने व्यवस्था गरिएको छ ।:

(क) उत्पादनमूल तथा छिटो प्रतिफल दिन सकिने,
(ख) जनताको आम्दानी र रोजगारी वढने,
(ग) सकेसम्म स्थानीय सहभागिता जुट्न सक्ने, लागत कम लाग्ने,
(घ) स्थानीय सिप र साधनको अधिकतम परिचालन पनि हुन सक्ने,
(ङ) महिला बालबालिका तथा पिछडिएका क्षेत्र र समुदायलाई प्रत्यक्ष योगदान पुग्ने,
(च) लैंगिक समानता र सामाजिक समावेशीरण अभिवृद्धि हुने,
(छ) दीगो विकास, वातावरण संरक्षण तथा सम्वर्द्धन गर्न सघाउंन पुग्ने ।

**सभाध्यक्ष महोदय,**

अव म चालु आर्थिक वर्षको बजेट तथा कार्यक्रमको समीक्षा पेश गर्ने अनुमति चाहन्छु ।

१ त्रिवेणी गाउँपालिकाको विकास र समृद्धिको यात्रा तय गर्ने क्रममा जनताको तीव्र विकासको चाहना सम्बोधन गर्ने जिम्मेवारी हाम्रो सामु छ । विकास र सेवा प्रवाह गर्ने क्रममा आवश्यक पर्ने पर्याप्त कानून कार्यविधिहरु स्वीकृत गरी कार्यान्वयनमा लगिएको छ । विकासका विभिन्न मोडेलहरुको प्रयोग गर्दै विकास निर्माणमा महत्वपूर्ण सिकाई उपलब्धीको आधारमा आगामी दिनका कार्यक्रमहरु सञ्चालन गर्न सहयोग पुग्नेछ ।

२ पूर्वाधारका क्षेत्रमा गाउँपालिकाका गौरवका रुपमा रहेका पाँच सडकहरु रिखे राजागिठी गैरागिठी, रिखे गैरिकटेरी, लुहाम फलाबाङ मख्खनटाकुरी, ढुंगीबजार पिमखोला मख्नटाकुरी, लुहाम सिम्क ढोरचौर सडकलाई क्रमशः स्तरोन्नती गर्दै लगिएको छ । अन्य स्थानहरुमा पनि आवश्यकता अनुसार मोटरबाटाहरु निर्माण गरी सबै मुख्य बस्तीहरुमा सडकको पहुँच पुर्‍याउने कार्यलाई जारी राखिएको छ ।

३ खेलकुदको विकास, सांस्कृतिक विकास, पर्यटन विकास, गाउँपालिका तथा वडाहरुको भवन निर्माणको लागि जग्गा प्राप्त गर्ने डि.पि.आर.तयार गर्ने काम सकिएको छ । गाँउपालिकाको प्रशासकीय भवन निर्माणाधिन छ ।

४ स्वास्थ्य क्षेत्रलाई सुलभ बनाउन थप एम्बुलेन्स सेवा लगायत विभिन्न कार्यक्रम सञ्चालन गरिएको छ । शिक्षा क्षेत्रको विकासको लागि शिक्षा नीति, गाउँ शिक्षा योजना कानूनको निर्माण गरी लागू गरिएको छ । विपद व्यवस्थापन कार्यमा सहयोग पुर्‍याउने कार्यको थालनी गरिएको छ ।

५ संस्थागत विकास, वन वातावरण, कृषि, पशु विकास लगायतका कार्यक्रमहरु सन्तोपजनक रुपले सञ्चालन भएका छन् ।

६ आन्तरिक आय वृद्धि गर्न विभिन्न करका दायरा विस्तार गरी विभिन्न उपायहरु अवलम्वन गरिएको छ भने खर्च गर्ने क्षमतालाई भरपुर प्रयोग गरिएको छ, जसको कारण २०७९ वैशाख मसान्तसम्म लक्ष्यको ७१ प्रतिशत आन्तरिक राजस्व

प्राप्त भएको छ भन्ने जेष्ठ मसान्तसम्मको खर्च तर्फ हेर्दा समग्रमा गाउँपालिकाको चालुतर्फ ६० प्रतिशत, पूँजीगत तर्फ ५३ प्रतिशत, समग्रमा ५७ प्रतिशत खर्च भएको देखिन्छ।

**सभाध्यक्ष महोदय,**

अब म आगामी वर्षको प्राथमिकता प्राप्त क्षेत्रगत कार्यक्रमको विनियोजन प्रस्ताव प्रस्तुत गर्न चाहन्छु।

**आर्थिक विकास**

१ भौगोलिक क्षेत्र अनुसार पकेट क्षेत्रको विकास गरी कृषि तथा पशु क्षेत्रको विविधिकरण र व्यवसायीकरण गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्न उत्पादनका आधारमा अनुदान उपलब्ध गराउन आवश्यक देखिएकोले **"कृषकको उत्पादन गाउँपालिकाको अनुदान"** कार्यक्रम निरन्तरता गरिने छ। यसको लागि ८ लाख बजेट व्यवस्था गरिएको छ।

२ गाउँपालिकाका कृषकहरुको पशुपालनलाई व्यवसायिक बनाउन तथा पशुपालनका क्रममा हुनसक्ने जोखिमलाई दृष्टिगत गरी ५० प्रतिशत अनुदान पशु बीमा कार्यक्रम कार्यान्वयनका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु।

३ तल्लो तटीय क्षेत्रमा आँप लिच्ची, मेवा र उपल्लो भागमा सुन्तला, कागती जस्ता अमिला जातका फलफुल तथा ओखर, किवी जस्ता फलफुलको व्यवसायिक उत्पादन बढाउन कृषि फलफुल उत्पादन सहकारीसंग मिलेर गाउँपालिकाले कार्यक्रम सञ्चालन गर्न उचित बजेटको प्रबन्ध गरेको छु।

४ पर्यटन प्रबर्द्धनको माध्यमबाट गाउँपालिकाको जनताको आयस्तर वृद्धि गर्न त्रिवेणी गाउँपालिकाको पिमखोला छहरा नजिकको स्थललाई पिकनिक स्पोटको रुपमा विकास गर्ने, करेलेचौरमा गाउँपालिका स्तरीय उद्यान निर्माण गर्ने यसको साथ साथै प्रत्येक वडामा होमस्टे स्थापना गर्न प्रेरित गरिनेछ।

५ स–साना लघु तथा घरेलु उद्योगहरुको विकास गरी जनताको आयस्तरमा वृद्धि ल्याउने कार्यलाई निरन्तरता दिईएको छ। यसको लागि विभिन्न निकायहरुसंग साझेदारको आधारमा पनि कार्यक्रम सञ्चालन गरिनेछ। यसको लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु।

६ सहकारी क्षेत्रको विकास र विविधिकरण गर्दै विषेश गरी कृषि क्षेत्रसंग सम्वन्धित सहकारीको विकास र प्रवर्द्धनको माध्यमबाट जनतालाई व्यवसायिक बनाउने साथै जनताको लगानीलाई सुरक्षित व्यवस्था मिलाइएको छ। कृषकको उत्पादन गाउँपालिकाको अनुदानमा सहकारीलाई आवद्ध गरिनेछ भन्ने सहकारीको संस्थागत विकासलाई समेत सहयोगको कार्यक्रम ल्याइएको छ। यसको लागि आवश्यक बजेटको व्यवस्था गरेको छु।

७ लघु उद्यमहरुको विकास तथा प्रवर्द्धनको लागि त्रिवेणी गाउँपालिकाको केन्द्र लुहामामा सहकारीसंग मिलेर **"कोसेली घर"** को निर्माण तथा सञ्चालनको व्यवस्था मिलाइएको छ। यसको लागि आवश्यक जग्गा वा भवन सहकारी संस्थासंगको साझेदारीको आधारमा तय गरिनेछ।

८ त्रिवेणी गाउँपालिका क्षेत्रमा कृषि तथा पशु विकासको माध्यमबाट समृद्ध त्रिवेणी बनाउन त्यस क्षेत्रको व्यवसायीकरण गर्न जरुरी ठानिएको छ। यसका लागि १ करोड बजेट विनियोजन गरेको छु।

**सामाजिक विकास :**

१ आधारभुत र आकस्मिक स्वास्थ्य सेवामा नागरिकको सहज पहुँच सुनिश्चित गर्न आगामी आ.व.देखि विशेषज्ञ डाक्टर सहितको सेवाको लागि बजेट विनियोजन गरेको छु।

२ स्वास्थ्य क्षेत्रका धरोहरका रुपमा रहेका महिला स्वयंसेविकाहरुको सेवालाई सम्मान गर्दै काम प्रति अझ उत्साह पदान गर्न स्वयंसेविका प्रोत्साहान कार्यक्रमलाई निरन्तरता दिइएको छ। थोरै भएपनि संचार खर्च, विरामी परी एम्बुलेन्स प्रयोग गर्नु परेको अवस्थामा लाग्ने खर्चमा २० प्रतिशत छुट दिने व्यवस्था यथावत राखिएको छ। यसको लागि आवश्यक बजेट व्यवस्था गरिएको छ।

३ बाल मृत्युदर तथा मातृ मृत्युदर कम गर्न तथा कुपोषणबाट गर्भवती महिला र बच्चालाई बचाउन सुत्केरी जाँच गराउन आउने महिलाई आयो नून, सुत्केरी भत्ता तथा बच्चालाई न्यानो झोला दिइने गत वर्षको कार्यक्रमलाई कायमै राखिएको छ। जनतालाई स्वास्थ्य सम्बन्धी विभिन्न सेवा घर नजिकबाट उपलब्ध गराउन विभिन्न विषयका (रोगसंग सम्बन्धित) स्वास्थ्य शिविरहरु सञ्चालन गर्ने कार्यलाई निरन्तरता दिइनेछ। जनतालाई सुलभ र प्रभावकारी तरिकाले स्वास्थ्य स्वास्थ्य सेवा पुऱ्याउन आवश्यक जनशक्तिको व्यवस्था गरिएको छ। समग्र स्वास्थ्य क्षेत्रको विकास तथा व्यवस्थापनको लागि रु. १ करोड ३० लाख बजेट विनियोजन गरिएको छ।

४ जनतालाई स्वस्थ खानेपानी सेवा उपलब्ध गराउन उनीहरु कै सहभागितामा नयाँ योजनाहरु निर्माण, पूराना योजनाहरुको मर्मत सुधार गर्ने कार्यलाई निरन्तरता दिइएको छ । समग्र खानेपानी योजनाहरुको निर्माण तथा मर्मत संभारको लागि बजेटको व्यवस्था गरेको छु ।

५ जेष्ठ नागरिक हाम्रा अभिभावक भएकोले उनीहरुको सम्मान गर्नु हाम्रो कर्तव्य हो । त्यस कारण असाहय जेष्ठ नागरिहरुको सम्मान र उचित संक्षणको लागि घर दैलोमा स्वास्थ्य परीक्षणको व्यवस्था मिलाएको छु । त्यस्तै आँखा अपरेशन सहितको स्वास्थ्य उपचारको व्यवस्था गरिएको छ । यी सबै कार्यक्रमको लागि आवश्यक बजेट व्यवस्था गरिएको छ ।

६ अपांगता भएका व्यक्तिहरुको **"अपांग हाम्रा साथी"** कार्यक्रम मार्फत् अपांगता भएका व्यक्तिहरुको लागि विभिन्न सहयोग, सिप विकास तालिमहरु ल्याइएको छ । यसको लागि आवश्यक बजेट व्यवस्था गरिएको छ ।

७ बालबालिका हाम्रा धरोहर हुन् । यिनीहरुको सही विकासबाट मात्र समाजको विकासको ढोका खुल्ने भएकोले बालबालिकाको विकासको लागि बाल क्लब मार्फत जीवन उपयोगी सिप, क्षमता विकास तथा अभिभावक सचेना कार्यक्रम सञ्चालन गरिनेछ । यसको लागि आवश्यक बजेट व्यवस्था गरेको छु ।

८ सँस्कृति सभ्यता हाम्रा जीवन पद्दती हुन् । सहज जीवन पद्दती सञ्चालनको लागि यस्ता सँस्कृतिहरुको संरक्षणको लागि **"हाम्रो त्रिवेणी हाम्रो संस्कृति"** मूलमन्त्र तय गरी विषेश जोड दिइएको छ । यसको लागि सांस्कृतिक मेलाको आयोजना, स्थानीय पाठ्यक्रम निर्माण जस्ता कार्यक्रमलाई निन्तरता दिईएको छ ।

९ सामुदायिक शिक्षालाई गुणस्तरी र सर्वसुलभ, जीवन उपयोगी बनाउन गाउँ शिक्षा नीति तथा योजना बनाई लागू गरिएको छ । १५ जना शिशु बरावर एक शिशु शिक्षक, २० जना विद्यार्थी बरावर १ शिक्षकको नीति अनुरुप जहाँ विद्यार्थी त्यहाँ शिक्षकको व्यवस्था गरिएको छ ।

१० "खेलकुदको विकास स्वस्थ जीवनको आधार" भन्ने मान्यतालाई ध्यानमा राखी खेलकुदको विकासमा उच्च महत्व दिइएको छ त्रिवेणी गाउँपालिकामा गाउँपालिका स्तर खेलकुद प्रतियोगिताको आयोजना गरी विद्यार्थीहरुलाई खेल महोत्सवको माध्यमबाट मनोरञ्नका साथै खेल शिक्षा तथा गाउँपालिका भित्रका विद्यालयहरु वीच मैत्रीपूर्ण प्रतिस्पर्धी भावनाको जागृत गराउने वातावरण श्रृजना गराइने छ ।

११ गाउँपालिकामा खेलकुदको विकासलाई टेवा पुऱ्याउन वडा न. ३ को रिखेबजार क्षेत्रमा गाउँपालिका स्तरको रंगशाला स्थापना गरिने कार्यलाई तदारुकताका साथ अगाडि बढाइएको छ ।

१२ सामुदायिक विद्यालयमा शिक्षाको गुणस्तर वृद्धि गर्न सबै विद्यालयमा विद्युतीय हाजिर मेसिन जडान गरिसकिएको र सि.सि क्यामेरा जस्ता विद्युतीय उपकरणको जडान क्रमशः सबै सामुदायिक विद्यालयमा पुऱ्याउने व्यवस्था गरिएको छ । शिक्षा र खेलकुद क्षेत्रको विकास र प्रवर्द्धन कार्यको लागि रु. एक करोड ७५ लाख बजेटको व्यवस्था गरेको छु ।

१३ जेष्ठ नागरिकको सम्मान, समाजमा पछि परेका अन्य महिला, दलित, मुस्लीम, जनजातीहरुको समविकासले मात्र समाजमा सच्चा विकास भएको ठहर्ने हुनाले ती वर्गहरुको उत्थानको लागि आयआर्जन, सशक्तिकरण तथा सवलिकरण जस्ता कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाएको छु । यसको लागि आवश्यक व्यवस्था गरिएको छ ।

**पूर्वाधार विकास :**

१ गत वर्ष सञ्चालन भएका तर पूरा नभएका योजनालाई निरन्तरता दिइएको छ । गुरुयोजना अनुसार बाटो नपुगेको वस्तिमा बाटो पुर्‍याउने व्यवस्थालाई निरन्तरता दिने व्यवस्था मिलाइनुका साथै भएका बाटाहरुको स्तरोन्नती गरिदै लगिनेछ र अनावश्यक स्थानमा बाटो काट्ने कामलाई निरुत्साहित गर्न ससाना बाटाहरुमा लागत सहभागिता अनिवार्य गर्ने व्यवस्था गरिएको छ ।

२ गाउँपालिकाका महत्वपूर्ण मोटरबाटाहरुलाई गाउँपालिकाका गौरवका योजनाको रुपमा लिई अगाडि बढाइएको छ । त्यस्तै रणनीतिक रुपमा महत्वपूर्ण सडकलाई पनि पर्याप्त बजेट व्यवस्था गरिएको छ । गाउँको पैसा गाउँमै रहोस् भन्ने अभिप्रायले मर्मत गर्नुपर्ने सडकहरुलाई विषेश अवस्थामा बाहेक श्रममा आधारित बनाइने व्यवस्था मिलाइएको छ । यसको लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

३ खेती योग्य जमीनमा सिचाँईका विभिन्न माध्यम अपनाउदै जनताको लागत सहभागितामा पानीको श्रोतको आधारमा भरपुर सिचाँई हुने व्यवस्था मिलाएको छ । सिँचाई कुलाहरु निर्माण सुधार तथा स्तरोन्नतीको क्षेत्रमा आवश्यक बजेटको व्यवस्था गरिएको छ ।

४ व्यवस्थित वस्ती विकास तथा सुरक्षित भवन निर्माण गर्नको लागि भवन निर्माण मापदण्ड बनाई लागू गरिएको सन्दर्भमा सुरक्षित भवन (बलियो घर) निर्माणको लागि शहरी विकास विभागसंगको सहकार्यमा दक्ष जनशक्तिलाई तालिमको व्यवस्था गरिएको छ। यसको लागि पनि आवश्यक बजेट व्यवस्था गरिएको छ।

५ उपभोक्ता समितिबाट निर्माण भएका आयोजनाहरु कार्यविधि बनाई उनीहरुलाई नै हस्तान्तरण गर्ने व्यवस्थाको थालनी गरी उपभोक्ता समितिलाई जिम्मेवार बनाउने र मर्मत संभार पनि त्यही समितिबाट वनाउन व्यवस्था गरिएको छ।

६ त्रिवेणी गाउँपालिका क्षेत्रको भौतिक विकासको लागि विभिन्न आयोजनाको संभाव्यता अध्ययन, विस्तृत परियोजना प्रतिवेदन तयार गरि प्रदेश तथा संघमा पठाउन योजना बैंकमा राख्ने व्यवस्था गरिएको छ। यसको लागि आवश्यक बजेट विनियोजन गरिएको छ।

७ गाउँपालिका क्षेत्रका विद्यालयहरुमा शैक्षिक वातावरणको प्रभावकारी व्यवस्थापनको लागि स्कुलको कम्पाउण्ड वालको व्यवस्था, भवनको व्यवस्था लगायतको लागि आवश्यक बजेटको व्यवस्था गरिएको छ।

**वन वातावरण तथा विपद् व्यवस्थापन :**

१ औषधिजन्य तथा उत्पादनमूलक बोट विरुवाहरुको विकास र संरक्षण गर्दै वनलाई विकासको उत्पादनसंग जोड्न तथा वन संरक्षणमा सघाउ पुऱ्याउन वन समूहका पदाधिकारीलाई सचेतना तथा अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिनेछ। यसको लागि आवश्यक बजेट व्यवस्था गरेको छु।

२ वन वातावरण, जलाधार संरक्षण, मुहान संरक्षण जस्ता कार्यक्रमको माध्यमबाट जलवायु परिवर्तन प्रतिकार्य कार्यक्रम सञ्चालन गरिने छ। यसको लागि आवश्यक बजेटको व्यवस्था गरेको छु।

३ त्रिवेणी गाउँपालिकालाई फोहरबाट मुक्त राख्न समयमा नै डम्पिङ साइटको व्यवस्था गर्नुपर्छ भवनने कुरामा सचेत हुँदै यसको संभाव्यता अध्ययनको कार्यक्रम ल्याइएको छ, र यसका लागि डि.पि.आर निर्माण भैइसकेको छ।

४ विभिन्न प्रकोपहरुबाट नागरिकहरुलाई बचाउन तथा तिनको व्यवस्थापन गर्न विपद् व्यवस्थापन कोष स्थापना र थोरै भएपनि राहत उपलब्ध गराउने व्यवस्था गरिएको छ। यसको लागि आवश्यक बजेट विनियोजन गरिएको छ।

**सुशासन तथा संस्थागत विकास**

१ कार्यालयको संस्थागत क्षमता विकास गर्न आवश्यक तालिमको व्यवस्था गरिएको छ। वडा कार्यालय तथा शाखाहरुमा सूचना प्रविधि लगायतका उपकरणको व्यवस्था गरी कार्यालयबाट हुने कामलाई चुस्त दुरुस्त बनाउन प्रयास गरिएको छ।

२ पारदर्शीता अभिवृद्धि तथा वित्तिय जोखिम न्यूनीकरण गर्नको लागि विद्युतीय हाजिर मेसिनको व्यवस्था, सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाई र सामाजिक परीक्षण जस्ता सुशासनका औजारहरुको प्रयोगलाई कसिलो र व्यापक बनाइएको छ।

३ विकास निर्माण कार्यलाई पारदर्शी र व्यवस्थित बनाउन तथा उपभोक्ता समितिहरुलाई थप जिम्मेवारी बनाउन क्षमता विकासका कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाइएको छ।

४ गाउँपालिकाको आन्तरिक शान्ति सुरक्षा, अवरोध हटाउने, उद्धार कार्य, बजार व्यवस्थापन जस्ता कार्यलाई व्यवस्थित गर्नको लागि नगर प्रहरीको व्यवस्था गरिकोले नगर प्रहरीहरुको क्षमता वृद्धि तथा कार्यमूलक बनाउनको लागि आवश्यक कार्यक्रम ल्याइएको छ।

५ करार सेवामा कार्यरत कर्मचारीहरुको प्रोत्साहन स्वरुप तलव भत्ता वृद्धि गर्ने नीति अनुरुप बजेटको व्यवस्था गरेको छु।

६ गाउँपालिकाबाट सञ्चालन हुने सेवा प्रवाहलाई एकीकृत रुपमा छिटो छरितो र प्रभावकारी बनाउन वडा तथा गाउँपालिकाको आफ्नै भवन हुन जरुरी छ। यसको लागि जग्गा प्राप्त भएको वडाको भवन निर्माणको लागि समपुरक कोषको लागि प्रदेश सरकारमा अनुरोध गरिएको छ।

७ संस्थागत विकासको लागि विभिन्न सफ्टवयर जडान, विभिन्न कानून तथा दस्तावेज निर्माण गर्ने कार्यलाई निरन्तरता दिदै आगामी वर्ष पनि आवश्यक कानूनहरु बनाउने, विभिन्न सफ्टवयरहरु जडान गर्ने कार्यक्रम राखेको छु। यी सबै कार्यको लागि आवश्यक बजेट विनियोजन गरेको छु।

८ यस गाउँपालिका अन्तर्गत विभिन्न तहका अस्थायी, करार सेवामा कार्यरत कर्मचारीहरुले खाईपाई आएको मौद्रिक सुविधामा वृद्धि गरिएको छ।

९ त्रिवेणीको समग्र वस्तुस्थिती चित्रण गर्न सुचना प्रविधिमा आधारित वस्तुस्थिति विवरण (Digital Profile), आवधिक योजनाको निर्माण, विस्तृत परियोजना प्रतिवेदन तयार गर्न आवश्यक बजेटको व्यवस्था मिलाएको छु।

**सभाध्यक्ष महोदय,**

अब म माथिको क्षेत्रगत नीति कार्यक्रमहरु कार्यान्वयनको लागि बजेट विनियोजन र श्रोत व्यवस्थापनको अनुमान प्रस्तुत समाध्यक्ष समक्ष अनुमति माग्दै यस सम्मानीत सभामा प्रस्तुत गर्दछु।

१ आगामी आर्थिक वर्षका नीति तथा कार्यक्रमहरु कार्यान्वयन गर्न रु. ४६ करोड ८३ लाख ४८ हजार १ सय ५१ विनियोजन गरेको छु। जसमध्ये आन्तरिक स्रोत, राजस्व बाँडफाँड र समानीकरण अनुदानको कुल बजेट मध्ये चालुतर्फ ११ करोड ८ लाख ३७ हजार २२ रुपैया (५८ प्रतिशत) र पूँजीगततर्फ रु. ७ करोड ८४ लाख ७४ हजार ९ सय ७८ रुपैया (४२ प्रतिशत) विनियोजन गरेको छु।

२ आगामी आ.व.को लागि अनुमान गरिएको खर्च व्यहोर्ने श्रोत मध्ये आन्तरिक राजस्वबाट ५० लाख, चालु आ.व.मा खर्च नभई बाँकी रहने अनुमानित रकम रु. १ करोड, संघीय सरकारबाट वित्तिय सामानीकरण अनुदान रु. ८ करोड ९० लाख, राजस्व बाँडफाँड रु. ७ करोड ६४ लाख ५९ हजार, विशेष अनुदान रु. १ करोड २० लाख, समपूरक अनुदान रु. २ करोड र सःशर्त अनुदान रु. १७ करोड ६० लाख को बजेट सिलिङ प्राप्त भएको छ।

त्यसै गरी, प्रदेश सरकारबाट वित्तिय सामानीकरण अनुदान रु. ८३ लाख ७७ हजार, राजस्व बाँडफाँड रु. ४ लाख ७६ हजार, प्रदेश सरकार सशर्त अनुदान रु. १ करोड ४५ लाख ४० हजारको बजेट सिलिङ प्राप्त भएको छ। प्रदेश सरकारबाट आगामी वर्ष समपूरक अनुदान र बिशेष अनुदानमा हालसम्म कुनै रकम प्राप्त नभएको व्यहोरा अनुरोध गर्दै सामाजिक सुरक्षा तर्फ ५ करोड ५० लाख, एल.जि.सि.डि.पि.बाट प्राप्त हुने २ लाख ३५ हजार, गरिबसँग विश्वेश्वर कार्यक्रमबाट प्राप्त हुने ५ लाख ७५ हजार, र अन्य संघ संस्थाबाट बाट प्राप्त हुने रु. ६ लाख ८६ हजार १ सय ५१ अनुमान गरेको छु।

३ अन्य संघ संस्थाबाट र प्रदेश सरकारबाट पछि प्राप्त हुने बजेटलाई प्राप्त भएपछि समावेश गरी बजेटको एकीकृत रुप तयार गरिनेछ।

४ आर्थिक वर्ष २०७७।७८ को यथार्थ खर्च, आ.व.२०७८।७९ को संशोधित अनुमान र आ.व.२०७९।८० को अनुमानित आय व्ययको विवरण तथा आन्तरिक राजस्वको प्रक्षेपण अनुसूचिहरुमा प्रस्तुत गरेको छु।

**तमा,**

गाउँपालिकाको समग्र विकासमा सहयोग पुऱ्याउन यो बजेट बनाउनमा सहयोग पुऱ्याउनु हुने सबैमा आभार व्यक्त गर्दै कार्यान्वयनमा पूर्ण सहयोग, सहकार्य र समन्वयको आशा र अपेक्षा राखेको छु।

**धन्यवाद।**

सीता खड्का पुन
संयोजक
बजेट तथा कार्यक्रम तर्जुमा समिति

## आ.व. ०७९।८० को आन्तरिक आय अनुमान

| क्र.सं. | विवरण | आ.व. २०७७।७८ को यथार्थ आय | आ.व. २०७८।७९ आय अनुमान | आ.व. २०७८।७९ चैत्र मसान्तसम्मको यथार्थ आय | आ.व. २०७८।७९ असार मसान्तसम्मको संशोधित आय अनुमान | आ.व. २०७९।८० को आय अनुमान |
|---|---|---|---|---|---|---|
| १ | सिफारिश | २०३००८८ | १२००००० | ११५१८२० | १४१८००० | १५००००० |
| २ | मालपोत | १९७६४४७।२३ | ७००००० | ५५४१४०।२९ | ६९७००० | ७३०००० |
| ३ | पञ्जीकरण | ११६३७६ | ९५००० | २०१३०० | २१४००० | ६०००० |
| ४ | घर कर | ३२९४०९ | १८०००० | १५८७३८ | १८५००० | १९०००० |
| ५ | व्यवसाय कर | ६४९४० | २००००० | ३७६९५ | ३९००० | १५०००० |
| ६ | राजस्व बाँडफाँट स्थानीय | ० | ११००००० | ० | ६५०००० | १०००००० |
| ७ | घर बहाल कर | ० | ८५००० | २४६४४ | ३५००० | ६०००० |
| ८ | विविध | ५११० | ४०००० | १४४३० | २३००० | ४०००० |
| ९ | गा.पा.आन्तरिक आम्दानी | | | | | |
| क) | नदीजन्य | ६०३२८० | ६५०००० | ७६६४५० | १४९७७०० | ६५०००० |
| ख) | अन्य | ५२९४०८।११ | ७५०००० | ३१५४११।४२ | ४८०००० | ६२०००० |
| | जम्मा | ५६५५१३८।३४ | ५०००००० | ३२२४६२८।७१ | ५२३८७०० | ५०००००० |

## राजस्व तथा अनुदान प्राप्तिको अनुमान

आ.व. २०७९/०८०

अनुसूची-२

| शीर्षक | | आ.व. २०७७/०७८ यथार्थ अनुमान | चालु आ.व. २०७८/०७९ को संशोधित अनुमान | आ.व. २०७९/०८० अनुमान |
|---|---|---|---|---|
| राजस्व: | | | | |
| | आन्तरिक राजस्व: | | | |
| | घरवहाल कर | ० | ८५००० | ६०००० |
| | सवारी साधन कर | | | |
| | दस्तुर (स्थानीय तहवाट हुने सिफारिस लगायतमा) | १८९२००० | १२००००० | १५००००० |
| | व्यवसाय कर | ५०००० | २००००० | १५०००० |
| | पन्जीकरण | ९८००० | ९५००० | ६०००० |
| | घरकर | ३५०००० | १८०००० | १९०००० |
| | राजस्व बाँडफाड (मालपोत) | ९५०००० | ११००००० | १०००००० |

| | | | | |
|---|---|---|---|---|
| | भूमिकर (मालपोत) | १६५०००० | ७००००० | ७३०००० |
| | विविध | १०००० | ४०००० | ४०००० |
| | बहाल विटौरी घर जग्गा कर | | | |
| | मृत वा मारिएका जीव जन्तुको हाड, सिंग, प्वाँख, छालामा कर | | | |
| | प्राकृतिक स्रोत साधन व्यवसायिक कर | | | |
| | शेयर लगानीबाट प्राप्त लाभांश तथा पूँजिगत लाभ आय | | | |
| | नदीजन्य | ५५०००० | ६५०००० | ६५०००० |
| | ऋण लगानीबाट प्राप्त व्याज आय | | | |
| | अन्य | ४५०००० | ७५०००० | ६२०००० |
| | **जम्मा** | ६०००००० | ५०००००० | ५०००००० |
| | **राजस्व बाँडफाँड:** | | | |
| | राजस्व बाँडफाँड प्राप्ति (संघ) | ६२६७६१४० | ६३११७००० | ७६४५९००० |
| | राजस्व बाँडफाँड प्राप्ति (प्रदेश) | ४०२००० | ३८६९९९ | ४७६००० |
| | **जम्मा** | ६३०७८१४० | ६३५०३९९९ | ७६९३५००० |
| | **अन्य आय:** | | | |
| | साविक स्थानीय निकायबाट हस्तान्तरण भई प्राप्त रकम | | | |
| | सामाजिक सुरक्षा | ० | ० | ० |
| | एल जी सी डी पी | २३५००० | २३५००० | २३५००० |
| | गरिबसंग विश्वेश्वर | ० | ० | ० |
| | सडक वोर्ड | १०००००० | १०००००० | ० |
| - | दलित विकास समाज (सुशासनमा नागरिक सहभागिता कार्यक्रम रु. ४,०६,९००।-, साक्षारता कार्यक्रम रु. १,८६,७१८।-) | | | ६८३१५१ |
| | दलित महिला केन्द्र नेपालको रु. ८९,५३३।- | | | |
| | वेरुजु असुली | ० | ० | ० |
| | गत वर्षको नगद मौज्दात | १००००००० | २००००००० | १०००००००० |
| | **जम्मा** | ११२३५००० | २१२३५००० | १०९१८१५१ |
| **अन्तर सरकारी वित्तीय हस्तान्तरण:** | | | | |
| | नेपाल सरकारबाट प्राप्त अनुदान: | | | |
| | वित्तीय समानीकरण अनुदान | ७९८००००० | ८३८००००० | ८९०००००० |
| | सशर्त अनुदान | १७३०४८५२९ | १९२४००००० | १७६०००००० |
| | समपूरक अनुदान | ३२८००००० | ० | २०००००००० |
| | विशेष अनुदान | १५०००००० | ० | १२०००००० |
| | **जम्मा** | ३००६४८५२९ | २७६२००००० | २९७०००००० |
| | प्रदेश सरकारबाट प्राप्त अनुदान: | | | |

| | | | | |
|---|---|---|---|---|
| | वित्तीय समानीकरण अनुदान | ९९८८००० | ८३७७००० | ८३७७००० |
| | सशर्त अनुदान | २०००००० | ९४९.८००० | १४५४०००० |
| | विशेष अनुदान | ४५०००० | ३०००००० | ० |
| | समपूरक अनुदान | १४०००००० | ११५००००० | ० |
| | जम्मा | २६४३८००० | ३२३७५००० | २२९१७००० |
| | कुल जम्मा | ४०७३९९६६९ | ३९८३१३९९९ | ४१२७७०१५१ |

नोट : राजस्व शीर्षकहरु नेपाल सरकारले तोके बमोजिम हुनेछ । स्थानीय तहका राजस्व शीर्षकहरु नतोकिएसम्म यसै बमोजिम गर्ने ।

## अनुसूचि-१

## आय व्ययको बिबरण

| आ.व. : २०७९/८० | | | |
|---|---|---|---|
| शीर्षक | आ.व. २०७७/७८ को यथार्थ | आ.व. २०७८/७९ को संशोधित अनुमान | आ.व. २०७९/८० को अनुमान |
| आय | ३५,८०,२१,४८६.६१ | ३८,९५,८०,९९९ | ४०,१८,५२,००० |
| राजस्व | ५,७८,२७,१०१.६१ | ६,७८,५३,९९९ | ८,१९,३५,००० |
| आन्तरिक श्रोत | ६१,१०,४५९.४६ | ४३,५०,००० | ५०,००,००० |
| ११३१४ भुमिकर/मालपोत | १९,७६,४५३.८६ | ७,००,००० | ७,३०,००० |
| ११३२१ घरवहाल कर | २,१७,८५६.३६ | ८५,००० | २,५०,००० |
| ११६९१ अन्य कर | ३,५७,५३५ | ४०,००० | ४०,००० |
| १४११९ अन्य निकायबाट प्राप्त ब्याज | | ७,५०,००० | ० |
| १४२१९ अन्य सेवा शुल्क तथा बिक्री | | ० | ६,५०,००० |
| १४२४३ सिफारिश दस्तुर | २०,५८,०८८ | १२,००,००० | १५,००,००० |
| १४२४४ व्यक्तिगत घटना दर्ता दस्तुर | १,१६,३७६ | ९५,००० | ६०,००० |
| १४२४९ अन्य दस्तुर | १,०१,५१३.२८ | १,८०,००० | ६,२०,००० |
| १४२६५ अन्य क्षेत्रको आय | ११,६५,८९९.९६ | ११,००,००० | १०,००,००० |
| १४६११ व्यवसाय कर | ५३,२०० | २,००,००० | १,५०,००० |
| राजस्व बाँडफाँडबाट प्राप्त रकम | ५,१७,१६,६४२.१५ | ६,३५,०३,९९९ | ७,६९,३५,००० |
| ११३१५ घरजग्गा रजिष्टेशन दस्तुर | २०,५४८.५९ | | |
| ११४११ बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर | ५,१३,६५,४७७.५८ | ३,१५,५८,५०० | ७,६४,५९,००० |
| ११४२१ बाँडफाँड भई प्राप्त हुने अन्त:शुल्क | | ३,१५,५८,५०० | ० |
| ११४५६ बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर | ३,३०,६१५.९८ | ३,८६,९९९ | ४,७६,००० |
| अन्य आय | ६३,५३७ | | |
| १५१११ बेरुजू | ६३,५३७ | | |
| अन्तर सरकारी वितीय हस्तान्तरण | ३०,०१,९४,३८५ | ३२,१७,२७,००० | ३१,९९,१७,००० |
| संघीय सरकार | २८,०४,३६,७६७ | २८,९३,५२,००० | २९,७०,००,००० |
| १३३११ समानिकरण अनुदान | ७,९८,००,००० | ८,३८,००,००० | ८,९०,००,००० |
| १३३१२ शसर्त अनुदान चालु | १८,३२,३३,५२९ | १७,९५,५२,००० | १५,७१,००,००० |

| | | | |
|---|---|---|---|
| १३३१३ शसर्त अनुदान पुँजीगत | | २,६०,००,००० | १,८९,००,००० |
| १३३१४ विषेश अनुदान चालु | ८५,०२,३८१ | | |
| १३३१५ विषेश अनुदान पुँजीगत | | ० | १,२०,००,००० |
| १३३१६ समपुरक अनुदान चालु | ८९,००,८५७ | | |
| १३३१७ समपुरक अनुदान पुँजीगत | | ० | २,००,००,००० |
| प्रदेश सरकार | १,९७,५७,६१८ | ३,२३,७५,००० | २,२९,१७,००० |
| १३३११ समानिकरण अनुदान | ९९,८८,००० | ८३,७७,००० | ८३,७७,००० |
| १३३१२ शसर्त अनुदान चालु | ३३,६२,२६३ | ९४,९८,००० | २०,४०,००० |
| १३३१३ शसर्त अनुदान पुँजीगत | | ० | १,२५,००,००० |
| १३३१४ विषेश अनुदान चालु | २८,५२,८६९ | ३०,००,००० | ० |
| १३३१६ समपुरक अनुदान चालु | ३५,५४,४८६ | १,१५,००,००० | ० |
| बैदेशिक | | | |
| जनसहभागिता | | | |
| वित्तीय व्यवस्था (प्राप्ति) | | | |
| | | | |
| व्यय | २६,७५,४४,१५१.२८ | ४३,९४,३४,८६४ | ४१,१८,५२,००० |
| चालु | १८,३५,१९,४४७.२८ | २९,५६,६२,१८० | २७,९८,८६,००० |
| २११११ पारिश्रमिक कर्मचारी | ७,३०,१०,४०९.९९ | १०,७७,९२,७०० | ९,००,१४,००० |
| २११२१ पोशाक | १८,९०,००० | ३१,३०,००० | ४,२०,००० |
| २११३१ स्थानीय भत्ता | १७,५९,८९४ | २४,४६,७६० | १८,४८,००० |
| २११३२ महंगी भत्ता | ३८,९७,८०१ | ४२,७८,००० | ९,१२,००० |
| २११३३ फिल्ड भत्ता | १,१८,८०० | ० | ५,४०,००० |
| २११३४ कर्मचारीको बैठक भत्ता | १२,४१,३२५ | १०,९०,००० | ६,५०,००० |
| २११३५ कर्मचारी प्रोत्साहन तथा पुरस्कार | ९,३१,७५० | ० | १,००,००० |
| २११३९ अन्य भत्ता | ८५,००० | २३,४७,२०० | १,००,००० |
| २११४१ पदाधिकारी बैठक भत्ता | ९,४६,०५० | १०,००,००० | ९,३०,००० |
| २११४२ पदाधिकारीअन्य सुबिधा | ४६,७७,००० | ४८,०४,८०० | ५०,००,००० |
| २१२१४ कर्मचारी कल्याण कोष | ० | ५,००,००० | ५,००,००० |
| २२१११ पानी तथा बिजुली | ३,२१,४४३ | २,००,००० | ४,००,००० |
| २२११२ संचार महसुल | ७,९७,०२२ | ९,२६,००० | ८,०५,००० |
| २२२११ इन्धन (पदाधिकारी) | ६,९५,७०६ | १२,५०,००० | ८,००,००० |
| २२२१२ इन्धन (कार्यालय प्रयोजन) | ७,६७,१९९ | १०,००,००० | १०,००,००० |
| २२२१३ सवारी साधन मर्मत खर्च | १०,१५,१२२.१७ | १८,३०,००० | १५,००,००० |
| २२२१४ बिमा तथा नवीकरण खर्च | २,१२,१५५.३७ | ३,००,००० | ४,००,००० |
| २२२२१ मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | ४०,००० | ५,००,००० | ८,००,००० |
| २२२३१ निर्मित सार्वजनिक सम्पतिको मर्मत सम्भार खर्च | ३०,६०,७४५ | १,०८,७५,९६४ | ५,५०,००० |
| २२३११ मसलन्द तथा कार्यालय सामाग्री | २०,९९,०४७ | २९,५५,४२५ | २७,८०,००० |

| | | | |
|---|---|---|---|
| २२३१३ पुस्तक तथा सामग्री खर्च | १६,५६,५६८ | १,१०,००० | ० |
| २२३१५ पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | २०,४४,२१२ | १५,००,००० | १६,५०,००० |
| २२४११ सेवा र परामर्श खर्च | ० | १२,५०,००० | २,५२,५३,००० |
| २२४१२ सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च | ७८,५९१ | ६,००,००० | २,००,००० |
| २२४१३ करार सेवा शुल्क | १,३६,७५,५४८ | १,५१,४१,५९० | ५,४३,५७,००० |
| २२४१९ अन्य सेवा शुल्क | ० | ० | ५,००,००० |
| २२५११ कर्मचारी तालिम खर्च | २,७७,४१५ | ० | १५,००,००० |
| २२५१२ सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च | २९,९४,२४० | ० | १६,००,००० |
| २२५२२ कार्यक्रम खर्च | ५,२७,९६,८४७.७५ | १०,८२,७६,०५० | ६,७८,२८,००० |
| २२६११ अनुगमन, मूल्यांकन खर्च | ३०,११,९१५ | ३२,५६,००० | ३०,००,००० |
| २२६१२ भ्रमण खर्च | १,६०,९०० | ५,००,००० | २,६०,००० |
| २२७११ विविध खर्च | २०,२७,२७४ | ६६,२९,९९२ | ५१,१४,००० |
| २२७२१ सभा सञ्चालन खर्च | ३,८७,२५० | ३,००,००० | ३,००,००० |
| २७२१२ उद्दार, राहत तथा पुनर्स्थापना खर्च | ० | ३८,६०,००० | ० |
| २७२१३ औषधीखरिद खर्च | ४२,५९,९१७ | ३९,५०,००० | ४७,७५,००० |
| २८१४२ घरभाडा | १२,५९,६०० | १४,३१,६९९ | १५,००,००० |
| २८१४३ सवारी साधन तथा मेशिनर औजार भाडा | १३,२२,७०० | १४,३०,००० | १०,००,००० |
| २८९११ भैपरी आउने चालु खर्च | ० | २,००,००० | १०,००,००० |
| पूंजीगत | ८,४०,२४,७०४ | १४,३७,७२,६८४ | १३,१९,६६,००० |
| ३१११२ आवासीय भवन निर्माण/खरिद | १,०९,५४,७८६ | ४,७३,८९,५५३ | १,२१,००,००० |
| ३१११२ गैर आवासीय भवन निर्माण/खरिद | १,४७,९५,९२० | ५,५८,५०० | २,१७,७५,००० |
| ३१११३ निर्मित भवनको संरचनात्मक सुधार खर्च | १,१७,००० | १६,००,००० | ६,००,००० |
| ३११२१ सवारी साधन | ३५,८१,०१७ | १०,००,००० | १०,००,००० |
| ३११२२ मेशिनरी तथा औजार | ३१,९९,६४९ | ५२,७८,००० | २१,८२,००० |
| ३११२३ फर्निचर तथा फिक्चर्स | ५,०१,३७४ | ७,००,००० | १०,००,००० |
| ३११३४ कम्प्युटर सफ्टवेयर निर्माण तथा खरीद खर्च | ० | ५,००,००० | ५,००,००० |
| ३११५१ सडक तथा पूल निर्माण | २,२६,३८,७७४ | ४,११,४६,०८९ | ५,२६,७१,००० |
| ३११५३ विद्युत संरचना निर्माण | ० | १०,००,००० | १०,००,००० |
| ३११५४ तटबन्ध तथा बाँधनिर्माण | १५,७४,९९८ | ३६,००,००० | १५,२५,००० |
| ३११५५ सिंचाई संरचना निर्माण | ४१,४१,९४९ | ७९,७०,००० | १,६८,१५,००० |
| ३११५६ खानेपानी संरचना निर्माण | २,०२,१५,६११ | २,५८,८०,५४२ | २,०६,१८,००० |
| ३११५८ सरसफाई संरचना निर्माण | १,८३,८०२ | ३०,००,००० | ० |
| ३११५९ अन्य सार्वजनिक निर्माण | २१,१९,८२४ | ७,००,००० | १,८०,००० |
| ३११६१ निर्मित भवनको संरचनात्मक सुधार खर्च | ० | ३,५०,००० | ० |
| ३११७१ पूँजीगत सुधार खर्च सार्वजनिक निर्माण | ० | १,००,००० | ० |
| ३११७२ पूँजीगत अनुसन्धान तथा परामर्श | ० | ३०,००,००० | ० |
| बजेट बचत (+)/न्यून | ९,०४,७७,३३५.३३ | (४,९८,५३,८६५) | (१,००,००,०००) |
| गत वर्षको नगद मौज्दात | | ४,९८,५३,८६५ | १,००,००,००० |